# त्रिभुवन विश्वविद्यालय बुलेटिन
# Tribhuvan University Bulletin

वर्षः-३९ २०६४ असार अङ्क :- ५

## जनविश्वास नै शिक्षण अस्पतालको ठूलो उपलब्धिः *शिक्षामन्त्री*

काठमाडौं। त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पतालको २५ औं वार्षिकोत्सव शिक्षा तथा खेलकुदमन्त्री प्रदीप नेपालले एक समारोहका बीच असार ३२ गते उद्घाटन गर्नुभयो ।




**शिक्षामन्त्री प्रदीप नेपाल त्रि.वि शिक्षण अस्पतालको वार्षिकोत्सव समारोह उद्घाटन गर्नुहुँदै ।** *(तस्वीरःत्रिवि सूचना शाखा)*

समारोहलाई सम्बोधन गर्दै त्रिविका सहकुलपतिसमेत रहनुभएका मन्त्री नेपालले यस अस्पताललाई प्राप्त जनविश्वास नै यसको सबैभन्दा ठूलो उपलब्धि हो भन्नुभयो ।

यस अस्पतालका चिकित्सकहरूले पाउने पारिश्रमिक तुलनात्मकरूपले कम भएकाले केही चिकित्सकहरूले अस्पतालको सेवा त्यागेको भन्ने सन्दर्भ उल्लेख गर्दै मन्त्री नेपालले भन्नुभयो– 'आम्दानी कम भयो भनेर अस्पतालबाट जानेलाई रोक्न सकिँदैन, तर यो अस्पतालमा यस्ता चिकित्सकहरू धेरै छन् जो पैसाको पछाडि लाग्दैनन् र उनीहरूकै कारण यो अस्पतालले जनविश्वास पाउन सकेको हो ।'

'शिक्षण अस्पताल जनताका लागि अत्यावश्यक भएकाले देशले यसमा चाहिने मात्रामा लगानी गर्नुपर्छ'- उहाँले भन्नुभयो ।

समारोहमा त्रिविका उपकुलपति प्रा.डा. माधवप्रसाद शर्माले यस अस्पतालले उत्पादन गरिरहेको स्वास्थ्य जनशक्ति गुणस्तरीय भएकाले विश्वमै यसको नाम चल्न थालेको बताउँदै अस्पतालले पाएको जनविश्वासका कारण यहाँ विरामीहरूको चाप पनि बढेको हो भन्नुभयो ।

उहाँले यस शिक्षण अस्पताल अब चिकित्सासम्बन्धी अध्ययन अध्यापनका साथै अनुसन्धानमा पनि अगाडि बढ्नुपर्ने बताउँदै भन्नुभयो- 'अनुसन्धानले शिक्षण अस्पताललाई विश्वसँग प्रतिस्पर्धा गर्न सक्षम बनाउछ ।'

विश्वविद्यालय अनुदान आयोगका अध्यक्ष डा. कमलकृष्ण जोशीले २५ वर्षअगाडि स्थापना भएको यो अस्पतालको समस्या पनि यो अवधिमा समयअनुसार बढेकै हुनुपर्छ भन्दै समस्याको उचित समाधान गर्नु भनेकै विकासको खुड्किलो पार गर्नु हो भन्नुभयो ।

समारोहमा नेपालका लागि जापानका राजदूत सुतोमु हिराओकाले नेपाल सरकारको दीर्घकालीन स्वास्थ्य नीतिअन्तर्गत यो अस्पताल स्थापना भएको बताउँदै यो अस्पतालको स्थापनाका साथै अस्पताललाई सुदृढ र सबल बनाउन जापान सरकारले तालिम,उपकरणआदि प्रदान गरी सहयोग पुर्‍याउन पाइरहेकोमा खुशी व्यक्त गर्नुभयो ।

अस्पतालका कार्यकारी निर्देशक प्रा.डा. महेशप्रसाद खकुरेलले वार्षिक प्रतिवेदन प्रस्तुत गर्दै समयानुकूल नयाँ

*(बांकी अन्तिम पृष्ठमा)*

# 'वातावरण संरक्षणमा विश्वविद्यालयको भूमिका महत्त्वपूर्ण'

काठमाडौं । त्रिभुवन विश्वविद्यालय वातावरण विज्ञान केन्द्रीय विभाग र नेपाल सरकार वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालयद्वारा संयुक्तरूपमा आयोजित राष्ट्रिय वातावरण सम्मेलन २०६४ को वातावरण, विज्ञान तथा प्रविधिमन्त्री महन्थ ठाकुरले असार ८ गते एक समारोहका बीच उद्घाटन गर्नुभयो ।

समारोहलाई प्रमुख अतिथिको आसनबाट सम्बोधन गर्दै मन्त्री ठाकुरले वातावरण संरक्षणमा विश्वविद्यालयको निकै ठूलो भूमिका रहेको हुनाले विश्वविद्यालयलाई अगाडि बढाउन आवश्यक सहयोगका लागि मन्त्रालय तयार रहेको बताउनुभयो ।

आर्थिक उन्नतिसँगै वातावरणीय विनाशलाई रोक्न सकेमा नै नेपालको पनि विकास हुने भएकाले वातावरण र विकासलाई सँगसँगै लैजान सरकार प्रयत्नशील रहेको बताउँदै मन्त्री ठाकुरले भन्नुभयो- 'तर यो लक्ष्य हासिल गर्न मन्त्रालयसँग पर्याप्त जनशक्ति नहुनुका साथै मन्त्रालयको कुनै निकाय जिल्लास्तरमा नभएको अवस्थाले बाधा पुऱ्याइरहेकाले यसको निवारणका लागि पनि मन्त्रालय लागिरहेको छ ।'

समारोहमा त्रिभुवन विश्वविद्यालयका उपकुलपति प्रा.डा. माधवप्रसाद शर्माले १० वर्ष अगाडि देखि मात्र वातावरण विज्ञान भनेर यसका विभिन्न पक्षहरूबारे त्रिविमा छुट्टै अध्ययन अध्यापन शुरु भएको र अब परिवर्तित समयअनुसार यस विषयको स्नातकोत्तर तहको पाठ्यक्रम परिमार्जन गर्ने तयारी भइरहेको जानकारी दिनुभयो ।




**राष्ट्रिय वातावरण सम्मेलनको उद्घाटन कार्यक्रममा मञ्चमा आसिन अतिथिगण**

*(तस्वीर:त्रिवि सूचना शाखा)*

वातावरण विषयको अध्ययन अध्यापनमा देशका अन्य विश्वविद्यालयहरूसँग भन्दा पनि त्रिविसँग आमजनसमुदायको ठूलो अपेक्षा रहेको बताउँदै उपकुलपति डा. शर्माले सोही कारणले यो विषयमा उत्पादन हुने जनशक्तिलाई दक्ष एवम् कार्यकुशल बनाउन त्रिविले ध्यान दिएको छ भन्नुभयो ।

नेपाल सरकारका मुख्यसचिव डा. भोजराज घिमिरेले वातावरण बिग्रिने सम्भावनाले देश विकासका कामलाई नै रोक्नु पर्छ भन्ने पक्षमा आफू नभएको बताउँदै वातावरण संरक्षण गर्नुपर्छ तर यसलाई विकास कार्यका बाधकका रूपमा राख्नु हुँदैन भन्नुभयो ।

'दिगो विकास गर्न जोशले मात्र काम गरेर पुग्दैन होस पनि पुऱ्याउनु पर्छ'- उहाँले भन्नुभयो ।

त्रिवि सेवा आयोगका अध्यक्ष प्रा.डा. शौभाग्यजंग कार्कीले विगतमा मुलुकको प्राकृतिक सम्पदालाई संस्थागत तवरमै क्षति पुऱ्याउने र विनाश गर्ने काम भएको स्मरण गराउँदै अहिले मुलुकमा यससम्बन्धी जनचेतना बढिसकेको र औपचारिक शिक्षा पनि दिइरहेकाले वातावरण संरक्षणतर्फ खँदिलो काम हुने आशा व्यक्त गर्नुभयो ।

नेपाल विज्ञान तथा प्रविधि प्रतिष्ठानका उपकुलपति प्रा.डा. होमनाथ भट्टराईले मानव गतिविधिका कारण वातावरणमा पर्ने नकारात्मक असरबारे हामी सचेत हुनुपर्ने बताउँदै वातावरण जोगाउन शिक्षा र अनुसन्धान अति आवश्यक भएकाले विश्वविद्यालयमा यस विषयमा भइरहेका अध्ययन अध्यापनको गुणस्तर वर्तमानको आवश्यकताअनुकूल छ कि छैन भन्ने परीक्षण हुनुपर्छ भन्नुभयो ।

वातावरण विज्ञान केन्द्रीय विभागका प्रमुख प्रा.डा. उमाकान्त राय यादवको सभापतित्वमा भएको सो उद्घाटन समारोहमा वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालयका निमित्त सचिव लक्ष्मणप्रसाद मैनाली, रिसोर्सेज हिमालय फाउन्डेसनका अध्यक्ष डा. प्रहलाद योञ्जन, सम्मेलन आयोजक समितिका उपाध्यक्ष सुमनमान श्रेष्ठ, समितिका सचिव डम्बरसिंह कडायत र समितिका कोषाध्यक्ष मौसम खनालले पनि मन्तव्य व्यक्त गर्नुभएको थियो ।

# विद्यावारिधि उपाधि प्रदान

काठमाडौं । त्रिभुवन विश्वविद्यालयका विभिन्न अध्ययन संस्थान तथा संकायहरूले विभिन्न महानुभावहरूलाई निम्न विषयमा विद्यावारिधि उपाधि प्रदान गरेको छ ।



***शिलु मानन्धर वज्राचार्य***: त्रिवि व्यवस्थापन संकायले शिलु मानन्धर वज्राचार्यलाई Strategic Management in Nepalese Enterprises शीर्षकको शोधप्रबन्धमा विद्यावारिधि उपाधि प्रदान गरेको छ ।

उहाँ शंकरदेव क्याम्पसमा व्यवस्थापन विषयका उपप्राध्यापक हुनुहुन्छ ।



***नारायणप्रसाद पौडेल:*** त्रिवि व्यवस्थापन संकायले नारायणप्रसाद पौडेललाई Portfolio Management in Nepalese Capital Market शीर्षकको शोधप्रबन्धमा विद्यावारिधि उपाधि प्रदान गरेको छ ।

उहाँ क्याम्पियन कलेज कुपण्डोलमा उपप्राध्यापक पदमा कार्यरत हुनुहुन्छ ।



***राजीवविक्रम राणा:*** व्यवस्थापन संकायले राजीवविक्रम राणालाई Pay System and Performance Related Pay Issue in the Nepalese Public Sector शीर्षकको शोधप्रबन्धका लागि विद्यावारिधि उपाधि प्रदान गरेको छ ।

उहाँ जनप्रशासन क्याम्पसका उपप्राध्यापक हुनुहुन्छ ।



***सुशीलभक्त माथेमा***: व्यवस्थापन संकायले सुशीलभक्त माथेमालाई Cross-sectoral Leadership Styles and Job Satisfaction in Business Enterprises in Nepal शीर्षकको शोधप्रबन्धका लागि विद्यावारिधि उपाधि प्रदान गरेको छ ।



***कमलमणि बराल*** : त्रिवि विज्ञान तथा प्रविधि अध्ययन संस्थानले कमलमणि बराललाई गणित विषयअन्तर्गत A Study on Function Space and Related Topics शीर्षकको शोधप्रबन्धका लागि विद्यावारिधि उपाधि प्रदान गरेको छ ।

उहाँ इन्जिनीयरिङ्ग अध्ययन संस्थान पुल्चोक क्याम्पसका सहप्राध्यापक हुनुहुन्छ ।



***टीकाराम पौडेल:*** मानविकी तथा सामाजिकशास्त्र संकायले टीकाराम पौडेललाई भाषाविज्ञान विषयअन्तर्गत Tense, Aspect and Modality in Nepali and Manipuri शीर्षकको शोधप्रबन्धका लागि विद्यावारिधि उपाधि प्रदान गरेको छ ।



***शिवा थापा*** : मानविकी तथा सामाजिकशास्त्र संकायले शिवा थापालाई अंग्रेजी विषयअन्तर्गत Nihilism Transcended: Arthur Miller's Spiritual Quest शीर्षकको शोधप्रबन्धका लागि विद्यावारिधि उपाधि प्रदान गरेको छ ।

उहाँ काठमाडौं एकेडेमीका प्रिन्सिपल तथा काष्ठमण्डप विद्यालय काठमाडौंका निर्देशक हुनुहुन्छ ।



***विष्णुप्रसाद राई:*** मानविकी तथा सामाजिकशास्त्र संकायले विष्णुप्रसाद राईलाई मानवशास्त्र विषयअन्तर्गत Social Cultural Change Among the Bhujel/Gharti People of Khotang District in Eastern Nepal: An Anthropological Study शीर्षकको शोधप्रबन्धका लागि विद्यावारिधि उपाधि प्रदान गरेको छ ।

उहाँ त्रिविबाट सम्बन्धनप्राप्त बानेश्वर क्याम्पस काठमाडौंको समाजशास्त्र/ मानवशास्त्र विभागमा उपप्राध्यापक पदमा कार्यरत हुनुहुन्छ ।



***महेशराज दाहाल:*** मानविकी तथा सामाजिकशास्त्र संकायले महेशराज दाहाललाई अर्थशास्त्र विषयअन्तर्गत Externalities and Distributional Implications of Community Forest Management: A Case of Arun River Valley शीर्षकको शोधप्रबन्धका लागि विद्यावारिधि उपाधि प्रदान गरेको छ ।



***गोपालभक्त धौबन्जार:*** मानविकी तथा सामाजिकशास्त्र संकायले गोपालभक्त धौबन्जारलाई इतिहास विषयअन्तर्गत ***मध्यकालीन नेपाल उपत्यकाको सामाजिक जीवन*** शीर्षकको शोधप्रबन्धका लागि विद्यावारिधि उपाधि प्रदान गरेको छ ।

उहाँ त्रिचन्द्र बहुमुखी क्याम्पस काठमाडौंका उपप्राध्यापक हुनुहुन्छ ।



***शान्ता सिंह:*** मानविकी तथा सामाजिकशास्त्र संकायले शान्ता सिंहलाई अर्थशास्त्र विषयअन्तर्गत Financing Higher Education in Nepal शीर्षकको शोधप्रबन्धका लागि विद्यावारिधि उपाधि प्रदान गरेको छ ।

उहाँ महेन्द्ररत्न क्याम्पस ताहाचलका सहप्राध्यापक हुनुहुन्छ ।

# शिक्षण अस्पतालमा प्रसूति केन्द्र भवनको शिलान्यास

काठमाडौं। त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पतालमा भारतको सहयोगमा बनाइने प्रसूति केन्द्र भवनको नेपालका लागि भारतका राजदूत शिवशंकर मुखर्जीले असार २६ गते शिलान्यास गर्नुभयो ।

लगभग २ करोड ९७ लाख २८ हजारको लागतमा १५ महिनाको अवधिमा बनाउने लक्ष्य राखिएको सो भवन २ तलाको हुनेछ ।

समारोहमा त्रिविका उपकुलपति प्रा.डा. माधवप्रसाद शर्माले शिक्षा र स्वास्थ्य क्षेत्रमा भारतले गर्दैआएको सहयोगको यो पछिल्लो उदाहरण रहेको बताउँदै यस्तो सहयोग आगामी समयमा पनि त्रिविले पाइरहने विश्वास व्यक्त गर्नुभयो ।

त्रिवि चिकित्साशास्त्र अध्ययन संस्थानका डीन प्रा.डा. रमेशकान्त अधिकारीले त्रिवि शिक्षण अस्पतालले



**भारतीय राजदूत शिवशंकर मुखर्जी(बाँया)शिक्षण अस्पतालमा निर्माण गरिने प्रसूति केन्द्र भवनको शिलान्यास पत्र अनावरण गर्नुहुंदै ।***(तस्वीरःत्रिवि सूचना शाखा)*

स्वास्थ्यसेवा मात्र नभई दक्ष स्वास्थ्यकर्मीहरू समेत उत्पादन गर्दैआएको बताउँदै भारतको सहयोगमा यो प्रसूति केन्द्र निर्माणपछि अस्पतालको सेवा क्षेत्र विस्तार भई मुलुकका बढी जनता लाभान्वित हुनेछ भन्नुभयो ।

सो शिलान्यासको अवसरमा आयोजित समारोहलाई सम्बोधन गर्दै राजदूत मुखर्जीले नेपालका प्रमुख अस्पतालमध्येको यस शिक्षण अस्पताललाई समयको मागअनुसार विस्तार गर्दै लैजाने क्रममा भारतले केही रूपमा भए पनि सहयोग गर्न पाएकोमा खुशी व्यक्त गर्नुभयो ।

समारोहको प्रारम्भमा स्वागत मन्तव्य दिंदै अस्पतालका कार्यकारी निर्देशक प्रा.डा. महेशप्रसाद खकुरेलले हाल बनाइन लागेको प्रसूति केन्द्र शुरुमा २० शय्याको हुने र यसलाई नेपालका अग्रणी महिला नेतृ स्वर्गीय मंगला देवीको नाममा समर्पण गरिने जानकारी दिनुभयो ।

कार्यक्रममा भवन निर्माणका परामर्शदाता संस्था शहरी विकास तथा भवन निर्माण विभागका महानिर्देशक सूर्यभक्त सांगाछेले पनि आफ्नो मन्तव्य राख्नुभएको थियो ।

## जनविश्वास नै शिक्षण.....

नयाँ प्रविधि भित्र्याइ आधुनिक विधिबाट नेपाली जनतालाई चिकित्सा सेवा प्रदान गर्दै आइरहेको यस अस्पतालले हालै मात्र मिर्गौलाभित्रको ढुंगा बाहिर निकाल्ने प्रविधि (पीसीएनएल) र थेरापेटिक ईआरसीपी सेवा संचालनमा ल्याएको बताउनुभयो ।

आगामी वर्ष नयाँ एमआरआई उपकरण ल्याएर मिर्गौला प्रत्यारोपण सेवासमेत अस्पतालमै संचालन गर्ने लक्ष्य रहेको जानकारी पनि उहाँले दिनुभयो ।

प्रा.डा. त्रिलोकपति थापाको सभापतित्वमा भएको समारोहमा अस्पतालका मेट्रोन जमुना सायमीले स्वागत मन्तव्य दिनुभएको थियो । कार्यक्रममा प्राध्यापक संघ महाराजगंज क्याम्पस एकाइका सभापति डा. करवीरनाथ योगी र कर्मचारी संघ शिक्षण अस्पताल एकाईका सभापति श्रीकृष्ण श्रेष्ठले पनि मन्तव्य व्यक्त गर्नुभएको थियो ।

समारोहमा उत्कृष्ट सेवा गर्ने अस्पतालका चिकित्सक, कर्मचारी तथा प्राविधिकहरूलाई नगद पुरस्कार तथा प्रमाणपत्र प्रदान गरिएको थियो ।

**प्रकाशक** : सूचना शाखा, त्रिभुवन विश्वविद्यालय,कीर्तिपुर, फोन नं ४३३०३४६
E-mail : tuinformation@yahoo.com
**सम्पादक** : प्रेमकृष्ण चित्रकार
**सहायक सम्पादक** : राजेश वज्राचार्य
**कम्प्युटर सेटिंग** : पद्मरत्न चित्रकार
**मुद्रक** : त्रि.वि. छापाखाना,कीर्तिपुर, फोन नं. ४३३१३२० र ४३३१३२१

**प्रापकः**